Samaj Anweshan Vol. 3, No. 1 : 14 Apr.2025-17 Oct. 2025
DOI: https://doi.org/10.3126/anweshan.v3i1.81962
Research Article
ISSN: 3021-9035 Print

# मष्टो परम्पराले समाजमा पारेको प्रभाव

**ध्रुवराज खनाल**
dhurbarajkhanal957@gmail.com

***लेखसार***

प्राकृतिक सम्पदा सांस्कृतिक धरोहर मौलिक कला संस्कृतिको उद्गम स्थलका रूपमा रहेको नेपाल, त्यसमा पनि कर्णाली र सुदूरपश्चिम क्षेत्र नेपाली कला, संस्कृति, चाडपर्व, रीतिरिवाज र मौलिक संस्कृतिका दृष्टिकोणमा अझैँ उर्भरभूमिका रूपमा रहेका छन्। नेपाल विविध धर्म र संस्कृतिको सङ्गमस्थल हो। क्षेत्रफलका हिसाबले सानो राष्ट्र भए पनि नेपालमा १२४ ओटा भाषा र १४२ ओटा जातजातिहरूको बसोबास रहेको छ। नेपालको संस्कृतिको मुख्य आधारशिला सहिष्णुता, सहअस्तित्व र पारस्पारिक सम्मान हो। विविध संस्कृतिको भूमि नेपालको कर्णाली र सुदूरपश्चिम क्षेत्रमा रहेको मष्टो एउटा विशिष्ट सांस्कृतिक परम्परा हो। मध्यएसियाबाट नेपाल आउने क्रममा खसहरूले मष्टो उपासना, केदार उपासना, दुर्गा उपासना र कुल पूजासँगै ल्याएको भन्ने किंवदन्ती रहेको पाइन्छ। मष्टो संस्कृति कुमाउँ, गढवालसहितत नेपालको सुदूरपश्चिम र मध्यपश्चिमको पहाडी, हिमाली, चुरेको किनाराहरूमा आज पनि जनजीवनको महत्त्वपूर्ण हिस्साका रूपमा अपनाइरहेको पाइन्छ। खसहरूको अतिप्राचीन पाटोलाई आज पनि कर्णाली, महाकाली नजिकको प्रस्रवण क्षेत्रमा दैनिक जीवनमा, आध्यात्मिक जीवनमा, मेला पर्व, कुलपूजाको रूपमा, र अप्ठ्यारा क्षणहरू पार गर्न अपनाउने गरेको पाइन्छ। सुदूरपश्चिम र मध्यपश्चिमतिर वर्षको दुई पटकसम्म मष्टो पूजा गर्ने गरिन्छ। कुलायन पूजामा मष्टो र नौ दुर्गा भवानीको उपासना गरिने कुरा कर्णाली प्रस्रवणदेखि पूर्वतिर बसाइँ सरेकाहरूमध्ये धेरैले बिर्सिसकेका छन्। तर पनि पूर्विय समाजले पनि कहीँकतै मष्टोलाई अनुसरण गरेको पाइन्छ। मष्टोका बहिनी मानिएका नौ दुर्गा भवानीहरूको मन्दिर स्थापना गरेर नित्य पूजाआराधना गरेको पाइन्छ। यो क्षेत्रमा गरिने आराधनामा हाम्रो मूल परम्परामा जस्तै धामीले गर्ने विभिन्न आध्यात्मिक क्रियाकलापहरूको नेतृत्व गरेको पाइँदैन। विन्ध्यवासिनी, कालिका, मालिका, चण्डी आदि थुप्रै मष्टोसँगै पुकार गरिने स्थानीय गण देवदेवीहरूको प्रचलन छ। अतः मूल परम्परामा विचलन आएर वैदिक धर्ममा विलय भएको पाइन्छ। कर्णाली तथा सुदूरपश्चिम क्षेत्रमा यो परम्परालाई धेरै महत्त्वका साथ हेर्ने गरीएको पाइन्छ।

***शब्दकुञ्जी***

मैठो, धामी, खस पूजा, विशिष्ठता

## *विषय प्रवेश*

मस्टो परम्पराले कर्णाली र सुदूरपश्चिम क्षेत्रलाई सांस्कृतिक रूपमा जोड्नलाई पनि विशेष महत्त्व दिएको छ। मष्टो प्रकृतिपूजासँग सम्बन्धित छ र यो अति प्राचीन परम्परा हो यसले समाजलाई कल्पवृक्ष झैँ जोड्ने काम गरेको छ। दार्शनिक अर्थमा भन्ने हो भने मस्टो भनेको पाँच भौतिक तत्व पृथ्वी, जल, वायु, अग्नि, आकाश र पितृलाई देवता मान्ने खस जातिको कुल पुज्ने परम्परा हो। खस जातिलाई चिनाउने गौरवपूर्ण सांस्कृतिक परम्परा पनि हो।

मष्टो पूजा गर्दा प्रकृतिकै काखमा गर्ने गरिन्छ । त्यसैले पनि समाज र सामाजिक अध्ययनले यहाँ ठाउँ पाउन सकेको हो। धर्मको अर्थमा भन्ने हो भने बोन, हिन्दु र बौद्ध धर्म मान्ने बासिन्दाले कुलदेवता (कुलायन, कुलाइनी) पुज्ने सांस्कृतिक पर्व हो । परम्परागत अर्थमा मष्टो कुलदेवता पितृदेवता हुन्। मष्टो बौद्धका सबै दुःखको हरणकर्ता बुद्ध, याज्ञवल्क्यका ब्रह्म, बोन–पोका शेनरब, शाक्तिका देवी र शैवका शिव जस्ता हुन्। खसानका दुःख विनाशक देवता हुन्। मष्टो देवता सेवकको चाहनाबमोजिम इच्छा पूर्ण गर्ने र अन्यायमा परेको व्यक्तिलाई न्याय दिने देवता हुन्। मष्टो देवतामा विशेष शक्ति भएका मानिस धामीको आत्माभित्र प्रवेश गरी दुःखीको दुःख पहिचान गरी देवभाषा (वल्लो गाउँमा बोलिने भाषा) प्रयोग गरी सम्पूर्ण शरीर हल्लाएर अन्याय गर्नेलाई सजाय र अन्यायमा परेकोलाई न्याय दिने भएकाले न्यायको देवताका रूपमा पनि हेर्ने गरिएको पाइन्छ।

सामाजिक समस्या र त्यसको समाधानको लागि कर्णाली प्रश्रवण क्षेत्रमा मष्टोलाई विशेष कुल देवताकै रूपमा लिएको पाइए पनि पछिल्लो पुस्ताले त्यसमा कम विश्वास गर्ने गरेको पाइन्छ । समाज सञ्चालनका लागि समाजद्वारा बनाइएका नियम कानुनलाई पालना गर्नु हाम्रो धर्म हो। तर पनि कार्णाली प्रश्रवण क्षेत्रमा बस्ने मानिसका लागि मष्टो परम्पराको बारेमा त्यहाँको समाजले आजको पुस्तालाई बुझाउन सक्नु एक चुनौती जस्तै बनेको पाइन्छ। समाज र समाजको ठुलो समाजिक परम्परा र संस्कृति बोकेको मष्टो परम्पराले आज पनि कर्णाली प्रश्रवण क्षेत्रमा बसोवास गर्ने मानिसहरूलाई धामीझक्रीप्रतिको विश्वासमा कमी भने आउन दिएको पाइँदैन । त्यहाँको समाजले यस परम्परालाई अबिछिन्न संरक्षण गरेर राख्नु आजको आवश्यकता हो।

मष्टोपूजा एक्काइसौँ शताब्दीमा आइपुग्दा दक्षिण एसिया, मध्यएसिया र पश्चिम एसियाका प्राचीन खस जातिको बसोबास भएका देशहरूमा आफ्नै परम्पराअनुसार गर्ने गरिन्छ। खसिया जातिकै नाममा खस हौँ भनेर कम्तीमा पनि ४००० वर्ष पुरानो इतिहास सोही रूपमा बचाई राखेको क्षेत्र भनेको नेपालको कार्णाली र सुदूरपश्चिम प्रश्रवण क्षेत्र हो । यो यथार्थ आफ्नो ठाउँमा छ । त्यसबाहेक इसाको प्रारम्भिक कालदेखि आजसम्म हाम्रो पुर्खा खस हुन् भनेर सम्झनेहरू पूर्वमा म्यानमारदेखि पश्चिममा कस्मिर, दक्षिणमा भारतको गुजरात र उत्तरमा ल्हासादेखि गुगेसम्म रहेका छन् । मष्टोकै नाममा कुलदेवता मानेर पूजा गर्ने चलन भने नेपाल, भारतको मेघालय, महाकालीको पश्चिम काश्मीरसम्मका प्राचीन खस जातिका वंशजहरूबिच रहेको छ। त्यसमध्ये सबैभन्दा बढी महत्त्व दिएर पूजा गर्ने चलन नेपालको गण्डकीदेखि पश्चिम कुमाउँ गढवालसम्मका समाजमा बढी पाउन सकिन्छ । कर्णालीका बासिन्दाले आफूलाई खसानका खस भनेर चिनाउँदा गर्व मान्दछन् र त्यहाँको मष्टोपूजाविधिमा प्राचीनता र स्थानीयता प्रशस्त झलक देख्न सकिन्छ।

धार्मिक दृष्टिकोणका आधारमा खस साम्राज्य रहेको समग्र क्षेत्रमा बोन, हिन्दु र बौद्ध धर्मावलम्बी क्रियाशील थिए। माथिल्लो कर्णालीदेखि प्राचीन खसराज्य भएको हाल चीनको तिब्बतको गुगे, मानसरोवर र कैलाश क्षेत्रमा प्रकृति पूजाले बोन धर्मको रूप लिएको थियो । त्यसपछि करिब सातौँ शताब्दीदेखि भने बोन धर्ममा तान्त्रिक बौद्ध धर्मको प्रवेश भयो । माझ तथा तल्लो कर्णालीमा अतिप्राचीन कालमा रहेको प्रकृतिपूजा मष्टो देवताको रूपमा पुजिन थालियो जुन प्राचीन कालमा खसहरूले पश्चिम एसियाबाट हिमालयक्षेत्रमा लिएर आएका थिए।

इसाको पहिलो शताब्दीदेखि बोन, हिन्दु र बौद्ध धर्म त्यहाँको समाजले विशेष गरी अवलम्बन गरेको मष्टो पूजा पछिल्लोकाल अर्थात् खस साम्राज्यको विघटनपछि हिन्दुधर्म मान्ने बासिन्दाले समाजमा मष्टो परम्पराकै नाममा र अन्यले पितृपूजा वा गोठपूजा आदिको नाममा निरन्तरता दिएका छन्। माथिल्लो कर्णालीमा बस्ने जसले आफूलाई खसान क्षेत्रमा बसोबास गर्ने प्राचीन खसका सन्तान मान्दछन्, जो लामा, क्षेत्री, बाहुन, दमाई, ठकुरी आदि विभिन्न थर भएका जातिको बाहुल्य रहेको समाजले मष्टो परम्परालाई अँगालेको पाइन्छ । उनीहरूले बोन, हिन्दु र बौद्ध सबै धर्ममा आस्था राख्छन् तथा मष्टो पूजाको

परम्परालाई बचाईं राखेका छन् । मष्टो कुलायन देवता कर्णालीका विशेष देवता हुन् । मष्टो कुलायन पूजा यहाँको समाजिक परम्परामध्येको विशिष्ट सांस्कृतिक परम्परा हो, जुन कम्तीमा विगत ४००० वर्षदेखि मस्टो, मइठो देउ, महिष्ठ देव, मैठोको नाममा प्रत्येक नागरिकको मन र घरमा विशेष श्रद्धाका साथ रहेको पाइन्छ।

## *अध्ययन विधि*

यस विषयको अध्ययनमा मूलरूपमा प्रथम र द्वितीय स्रोतको सामग्री प्रयोग गरीएको छ। प्रथम स्रोतमा मस्टो मन्दिरका पूजारी र मुल धामी ( विरबहादुर बि.क. र रन्त्ये कामी) सँग मस्टो र यसको पूजाविधि र देउता आउने अवस्था र अर्को पुस्ता हस्तान्तरणका बारेमा प्रत्यक्ष भेटका क्रममा उठेका विषयहरू समेटिएका छन् भने द्वितीय स्रोतका रूपमा विभिन्न प्रकाशित पुस्तक लेख रचना तथा वेवसाइटहरूको प्रयोग गरेर विषयवस्तुको विश्लेषण गरिएको छ; जुन पुस्तकका लेख, रचनाको स्रोतको रूपमा मैले सन्दर्भ सामाग्रीको रूपमा उल्लेख गरेको छु । मष्टो परम्परा त्यहाँको समाज र सामाजिक संस्कृतिसँग सम्बन्धित विभिन्न पुस्तकहरूबाट विषयवस्तुमाथि गहिरो अध्ययन विश्लेषण गरिएको छ। मष्टो परम्पराको इतिहास, यसको सामाजिक अध्ययन र खस सभ्यताको विश्लेषण गरी यसको सामाजिक धार्मिक र ऐतिहासिक पक्षको उठान गर्दै कर्णाली सुदूरपश्चिम क्षेत्रको सामाजिक, सास्कृतिक र भौगोलिक परिवेशमा यसको अवस्था उल्लेख गर्नु यो अध्ययनको मूलभूत उद्देश्य रहेको छ।

## *मष्टो शब्दको व्युत्पत्ति*

मस्टो नामको व्युत्पत्ति संस्कृत शब्द 'मरूत्तस्' बाट भएको बुझिन्छ। यो अर्थमा मस्टोदेव पनि मरुत्देव अर्थात् वायुदेवताजस्तै भएको प्रतीत हुन आउँछन् (अधिकारी, २०६६ पृ.२८४)। मस्टो उदारता र समन्वयको प्रतिमूर्ति हो भन्दै कुलचन्द्र कोइरालाको भनाइ राखेर माधव पोखरेलले भनेका छन्– मष्टो शब्दको व्युत्पत्ति नै मरुत्, मरुत्तस् (वायु) बाट भएको हो (पोखरेल, मस्टो हाम्रो कुलदेवताः पृ २)।

मष्टोको ऐतिहासिक र जातिगत सम्बन्धमा बालकृष्ण पोखरेलले भनेका छन्– जेन्द–आवेस्ताको अहुरमज्दाको सादृश्यमा हामी प्राचीन फार्सेलीमा बाबैरूसमज्दाको कल्पना गर्न सक्छौं । मस्त (शिर) मज्दा (अथवा) मज्द भयो फार्सेलीमा, तर नेपाली त्यो मष्ट वा मष्टो भयो । नेपाली भाषाको जुम्ली प्रकरणमा मैठा अथवा मैठो हुन पुगेको हो। फार्सेलीहरू बेबिलोनका हितैषी नभएकाले तिनको देशमा बाबैरूशमज्द (बाबिरो मस्ट) ले उन्नति गरेको प्रमाण पाइन्न। परन्तु तिनले इरानमा कदर नगरे तापनि बेबिलोन छोडेर काश्मीरको बाटो हिमाल प्रवेश गर्ने काशी (खस) हरूले बाबिरो मस्ट (बाबैरूशमज्द) लाई प्रतिष्ठा दिलाए। यसरी बान्नी (असुर) मस्टोले हाम्रो नाता अतीतमा असुरदेश (वर्तमान इरान, इराक, टर्की ले.) सित भएको प्रमाणित गर्छ भने बाबिरो मस्टले अतीतमा हाम्रो नाता बेबिलोनसित भएको प्रमाणित गर्छ (पोखरेल, २०७५ः पृ २६३)।

मष्टो शब्दको व्युत्पत्ति कसरी भयो भन्ने सम्बन्धमा विभिन्न व्यक्तिहरूको भनाइ राख्न सकिन्छ। खस जातिको पूर्वजले मरूत्त् देवता मानी पूजा गर्ने चलन चलाउन थाले। यही मरुत्तस शब्द मरुत्त्  मउत्त, मउट्ट, मष्ट, मष्टो, शब्द विकास भयो । कसै कसैले महादेवको मस्तक गणबाट मष्टा वा मष्टो शब्द विकास भएको भन्ने तर्क गरेका छन्। मरुत्को (विद्युत र हावा) विशेष उपासक खस आर्य जातिले मरुत् मरुत् भन्दै विस्तारै अपभ्रंश भई मस्त वा मष्टो भयो । वरिष्ठ संस्कृतिविद् सत्य मोहन जोशीले आफ्नो तर्क प्रस्तुत गरेका छन्।

कर्णाली अञ्चलको सिञ्जा खोला सिञ्जाली भाषा (वर्तमान नेपाली भाषाको पूर्वरूप) मा मान्छेलाई मन्ठ वा मन्ठा वा मन्टा भन्दछन्। अनि मर्त्यलोकलाई मन्ठालोक अथवा मन्टालोक । मन्ठ शब्दसँग त्यहाँको सामाजिक परिवेशसँग मष्टोको निकटतम सम्बन्ध हुनसक्छ। अनि मष्टोको व्युत्पत्ति हुँदै जाँदा मन्ठले मानेको हुँदा 'मष्टो' नाम रहन गएको देखिन्छ। मष्टोलाई 'मैठो' पनि भनिन्छ। 'मष्ट' लाई मष्टो वा मैठो (जुम्ली भाषिका) भन्ने चलन छ । यो शब्द संस्कृतको 'मस्त' शब्दबाट आएको हो, जसको अर्थ मस्तक, टाउको, प्रमुख आदि लाग्छ। मष्टले

क्षेत्रपालको पर्याय बुझाउन थालेपछि खस कुराको मस्त (ठाउँ, तुलनीय रूसेली मेस्ता) का आधारमा यस शब्दले ठाउँ बुझाउन थाल्यो। अङ्ग्रेजीमा Mast tyf Master मा यो स्वामी वा शिर अर्थमा छ । प्राचीन फार्सेली जेन्द, अवेस्ता आदि स्रोतमा अहुर नामक मज्दा ठिक नेपाली मष्टको अर्थमा छ । नेपालीमा माथि, माथा, मस्तिष्क आदि शब्द यसका सगर्भ हुन (prince neil,2001, P. 43)।

## *मस्टोका दाजुभाइ*

मस्टो भनेको शिवका पुत्रहरू हुन्। इन्द्रका पुत्र हुन् भन्ने पनि चलन छ। तर धेरै कुरा शिवसँग नजिक रहेको पाइन्छ। शिवको वाहन वृषभ भएझैँ मष्टोको बाहन घोडा मानिन्छ, जसको सम्बन्ध पनि पश्चिम एसियासँग रहेको छ । लोक कथामा मष्टोको बारेमा उल्लेख भए तापनि शैव दर्शनपरम्परा वा सम्प्रदायमा भने मष्टोको रूप वा गुणबारे चर्चा गरेको पाइँदैन। शैवग्रन्थ दक्षिण भारत तथा कश्मीरमा लेखिएकाले छुट हुन गएको हो कि ? शिवका गणहरूमध्ये कुनै गणले शिवलाई आधार वा मुख्य देवता मानी त्यसैको आधारमा मष्टोलाई कुलायन कुलाईनी, कुल देवताको रूपमा स्थापना गरी प्राकृतिक प्रकोप र अन्य कुनै पनि प्रकारका दुःख नपरून् भनी आवाहन गर्न थाले। त्यो प्रचलन प्रकृतिपूजाअन्तर्गत सूर्य, पृथ्वी, चन्द्रमा, अग्नि, खोला, नाला, पहाड, झरी, बादलको पूजामा पाइन्छ। आदिम मष्टोलाई कर्णाली सुदूरपश्चिम क्षेत्रमा भुवो पनि भनिन्छ, जसको अर्थ महादेव हो । भवानीका नाममा कर्णालीमा स्थानीयकरण गरी स्थान, गाउँ, समाज, टोलमा लोक परम्पराको आधारमा भवानीका नाम धेरै भएझैँ बाह्रभाइ मस्टोका नाम पनि धेरै छन्। मूल रूपमा बाह्रभाइ मष्टो रहेका छन् । त्यसमध्ये प्राज्ञ विष्णु प्रभातले लेख्नु भएअनुसार प्रख्यात बाह्रभाइ मस्टोका नाम यसप्रकार छन्–

| | |
|---|---|
| १. आदिमष्ट भूवो मष्ट, | २. ढाँडे, |
| ३. लाटे, | ४. काला, |
| ५. असुर, | ६. बाबिरो, |
| ७. बार, | ८. खापर, |
| ९. दारे, | १०. बूढा, |
| ११. गोरा | १२. ढँडार |

(प्रभात, २०६८: पृ. ३८४)

यी बाह्र भाइ मष्टोलाई ठाउँअनुसारका समाजले आआफ्नो परम्परा अँगालेर एउटै तिथिमा पूजा गर्ने गरेको पाइन्छ।

बाह्रभाइ मष्टोलाई जेठो–माइलोको आधारमा निम्नानुसार उल्लेख गरेको पाइन्छ। ती ढँडार मस्टो (आदि मस्टो बझाङ), खापर (खप्तड), तेडी (डोटी), कवा (अछाम), कालासिल्ला (अछाम), रुमाल (कालीकोट), बुड् (जुम्ला), थार्प (जुम्ला र मुगु, मुगुमा थार्प गाउँ नै रहेको छ), गुरो (हुम्ला र मुगु), दाहे (जुम्ला, मुगु, दैलेख, जाजरकोट), दुधे (जुम्ला, मुगु, जाजरकोट), बाबिरो (जुम्ला) हुन्।

बाह्र मस्टो नेपालको जुम्लाका खस, सुर्खेतका मल्ल, खस सम्राज्यका खसले बनाएका होइनन्। त्यसको जरो पहिल्याउन प्राचीन खसराज्य पश्चिम एसियाको बेबिलोन पुग्नुपर्छ। बेबिलोन राज्य इ.पू. १८९४ मा स्थापना भएको थियो। त्यस बेला खस जातिका विभिन्न हाँगाहरूले त्यहाँ राज्य गर्थे। बाह्रभाइ मस्टो जस्तै अन्य सामाजिक परम्परमा पनि बाह्र भएको बारे पोखरेलले उल्लेख गरेका छन् । नेपालमा मस्ट (मस्टो अथवा मैठो) उपासनामा मस्टका बाह्रभाइ छोरा छन् । यसैगरी हिब्रु पुराकथाका अनुसार अब्राहमका बाह्र भाइ छोरा मानिएका छन्। हिन्दु पुराकथाका अनुसार आदित्य (सूर्य) बाह्र छन्। ती धाता, मित्र, अर्यमा, रुद्र, वरुण, सूर्य, भग, विवस्वान, पूषा, सविता, त्वष्टा तथा विष्णु (वामन) हुन्।

गौतम बुद्धसँग जोडिएका बाह्रभाइ मस्टोमध्ये कालामस्टको प्राचीनताबारे पोखरेलले उल्लेख गरेका छन्। उनका अनुसार– केसपुत्त र कलामहरू खस हुन सम्भव छ। बुद्धका एक शिष्य आलार यसै जातिका थिए। शतपथ ब्राह्मणमा पाञ्चाल बरेलीतिर रहेको हुनाले केसपुत्त (केशीपुत्र ?) भन्ने स्थान बरेलीमा हुनु सम्भव छ। यिनै कलामहरूले काल्सीदेखि कालीकोटसम्म थुप्रै ठाउँ आफ्नो नाममा चिनारी छोडेर गएझैँ लाग्छ। कालामस्ट नाउँका

देवता यिनकै इष्ट देव थिए क्यार ( पोखरेल, २०७५: पृ. ३७९–३८०) ।

सिद्धको प्राचीन स्थान भने समरकन्द (उज्वेकिस्तान) थियो। त्यो बेला समरकन्दलाई समजी कान र सोग्दलाई सुही भनिन्थ्यो। यहाँका मानिस अग्निपूजक थिए। बालकृष्ण पोखरेल (२०७५) ले सोग्दमा बौद्धधर्म प्रचलित थियो र त्यहाँ सन् ६३१ मा अरबको आक्रमण हुन्छ भन्ने ठानेर सहयोग माग्दा चीनले नदिएको उल्लेख गरेका छन्। समरकन्दका सोग्दहरू त्यहाँबाट पूर्व लागेको हुनुपर्छ। त्यसबारे बालकृष्ण पोखरेलले भनेका छन्– 'हिमवत्खण्डमा पुगेपछि सोग्दहरू सिद्ध कहलिए । त्यसो त इन्द्रका पुत्रको रूपमा ८४ सिद्धको दाबी नेपाली लोकगाथाहरूले गरेका छन् र ८४ सिद्धको नामसमेत प्रकाशमा आएका छन्' ( पोखरेल, २०७५, पृ. ३९७)।

## *मष्टाको थान (मन्दिर)*

मष्टाको कुनै लिखित इतिहास छैन । श्रुति तथा स्मृतिमा आधारित छ। मष्टो, केदार र दुर्गा भवानीहरूको इतिहास रुखको फेद, पहाडको टाकुरा, गाउँको नजिक कुनै निश्चित स्थानमा पर्खालले घेरेर मष्टो थान सुरक्षित राखिएको पाइन्छ। मष्टोको मन्दिरलाई थान वा कहीँकहीँ माणौँ वा माडौँ भनिन्छ। प्रायः थान वा माडौँमा छाना हुँदैन। शिला, त्रिशूल, चमर, घण्टहरू, गाँजलगायत गविरभित्र मष्टोको परिचय दिने चिजहरू मष्टा माडौँमा पाइन्छ । कोटको मौला माडौँको आसपास नै रहेको हुन्छ। मष्टाको कुनै मूर्तिको कल्पना गरिएको हुँदैन। आजभोलि कतैकतै छानायुक्त थान वा कतिपय पुराना मष्टो माडौँमा पनि छाना लगाएको पाइए पनि मष्टोको कुनै मूर्ति हुँदैन्। केही शिला, केही घण्ट र कुलपूजाको सामग्रीहरू यहाँ राखिएको हुन्छ।

मष्टो देवताको रूप विषय कुनै निश्चित आकार वा आकृति परिकल्पना गरिएको देखिँदैन्। फलस्वरूप मष्टो देवताको कुनै मूर्ति स्थापना भएको पाइँदैन त्यसैले यसलाई वायुरूपी शक्ति भनिएको हो। वायु भनिनुको पछाडि केही रहस्य छ जनु सङ्केत मष्टो पुटोको अघिल्लो राति मष्टो वायुको रूप धारण गर्ने गर्छ (मष्टोको धामीसँग संबाद)। यसलाई एक अलौकिक रूप मानिन्छ। मष्टोको घर थान (गाउँ घरको थान) र वन थान (गाउँ बाहिर वनमा रहेको मन्दिर वा थान)मा मष्टोसँग सम्बन्धित घण्ट राखिएको हुन्छ।

कालासिल्लो मष्टो अछाम जिल्लाको विनायक गाउँमा स्थापित रहेको छ भने दार्‍या मष्टो दैलेखका विभिन्ना ठाउँमा अवस्थित रहेको पाइन्छ । मष्टो कालासिल्लोको दुई थानहरू छन्। एउटा वन थान (थला) र अर्को घर थान (गाउँमा रहेको थान) वन थान गाउँको उच्च ठाउँमा स्थापित छ। यसलाई कालाशिल्लो भनिन्छ। यो ढुङ्गाको छाना र बुभ्फगाको गारो भएको सानो घरको जस्तो आकारमा छ। कालासिल्टोको घर थान विनायक गाउँको मध्यभागमा धामी गाउँ रहेको छ। जहाँ मष्टाको मूल थान पनि हुन्छ। जस्तो कि थार्य मष्टाको मुगु जिल्लाको थाप भन्ने ठाउँमा छ भने बाबिरो मष्टाको पानसय दरा बाबिरो भन्ने गाउँमा पर्छ। मष्टोको मन्दिरलाई मन्दिर नभनी थान भनिन्छ। संस्कृत शब्दको स्थान बिग्रिएर थान भएको हो। मष्टोको आकृति स्वरूप तथा मूर्ति नभएर लिङ्ग र ध्वजाको पूजा गरिन्छ। उनीहरूले घरमाडौँ र वनमाडौँमा मष्टो पूजा गर्छन्। काठको मूर्ति, ध्वजा, टाँगा, वाला, लटा, पूजा सामग्री, घोडा, भेडो अर्पण गर्छन् जहाँ वायुको रूपमा आफ्नो रूप धारण गरेर मष्टो भित्रिने गर्दछ (शर्मा, २०२८, पृ. ९७)।

मष्टाको थानको ढोका काठको हुन्छ । त्यसमा साधारणतया बुट्टा कुँदिएको हुन्छ। थामहरूमा पनि बुट्टा कुँदिएको हुन्छ। थानको भित्री र बाहिरी दुई भाग हुन्छ। भित्री भागलाई गाविर भनिन्छ। गावर भित्र दुई बटा खोपा हुन्छन् । थानका दुई खोपामध्ये एउटा खोपो मष्टाको र अर्को खोपो भवानीको मानिन्छ। प्रत्येक घर घरमा पनि यस्ता खोपाहरू बनाई मष्टो र देउतीको (द्यौती) पूजा गर्ने चलन छ। कहीँकहीँ मष्टाको मन्दिर वा माडौँ हुँदैन। विशेष गरी पश्चिमाञ्चल, मध्यमाञ्चल र पूर्वाञ्चलको विभिन्न स्थानमा यस्तो अवस्था देखिन्छ तर आजभोलि मष्टो माडौँ बनाउने प्रचलन फैलिएको पाइन्छ। ठुला रुखमुनि वा रुख वा कुनै स्थानलाई चारैतिर पर्खाल लगाएर वा (बान्नोले घेरिएको स्थान) मा मष्टोको थान हुन्छ। त्यहाँ कुलको

परम्परा र समाज अनुसार दाजुभाइ जम्मा भएर कुलपूजा (मष्टो उपासना) गरेको देखिन्छ । आजभोलि धेरैजसो स्थानमा हिन्दु मन्दिरजस्तै मन्दिर खडा गरेर भित्र धेरै शिला, दियो, कलश, त्रिशूल, मष्टो पूजाको लागि चाहिने भाँडाकुँडाहरू राखिएको पाइन्छ।

डोटीको शैलेश्वरी देवीको भाइ मानिने मष्टाको माडौँ यसै शैलेश्वरी देवी मन्दिर परिसरमा रहेको छ। यो माडौँको निर्माणशैली शैलेश्वरी देवीको मन्दिरजस्तै छ । यस मन्दिरको छाना दुईतिर ढल्किएको छ। माडौँको भित्री भाग (गविर) को छाना अन्य भागभन्दा केही अग्लो र टाढाबाट हेर्दा आकर्षण देखिन्छ। गविरमा मष्टोको पूजारी र धामी बाहेक अन्य व्यक्तिहरू पस्न निषेध गरिएको हुन्छ। मष्टामाडौँको झलक दिने एक भजनउडी भेली गौचरननी उँभो हरियो डाँडामै मष्टाको थान फूलपाती भरियो डाँडामै मष्टाको थान घण्टैले भरियो, डाँडामै मष्टाको थान शङ्खैले भरियो, डाँडामै मष्टाको थान मूर्तिले भरियो डाँडामै मष्टाको थान जात्रुले भरियो (हिमाली सौगात, २०३५, पृ.३९९)।

## *मष्टो पूजा गर्ने विधि*

मष्टो कुलायन देवता भएको हुनाले यसको पूजा अत्यन्तै श्रद्धाभावकासाथ आफ्नो परम्पराअनुसार गरिन्छ। यस पूजामा दसैँ, ल्होसार, उँधौली, उभौली, छठमा झैँ कमाइको लागि लाहुर गएका परिवारका सदस्य फर्केर आउँछन्। आजकल कुलाइनीको पूजामा मिठो खाने तथा राम्रो लगाउने चलन थपिएको छ । पूजाले परिवारमा शान्ति, मिलन, खुसीका साथै सुखको सन्देश प्रवाह गर्छ। कर्णाली र सुदूरपश्चिम क्षेत्रमा मष्टो कुलायन देवताको पूजामा सामान्य विधि रहेका छन्। बिहान बेलुका गरिने पितृ स्मरण सामान्य दियोमा बत्ती बालेर मात्र गरिन्छ। त्यसमा परिवारको सदस्य बाहिर रहेका छन् भने परिवारको सुखको लागि र कुल देवतालाई सम्झेर बत्ती बालिन्छ। मस्टोको मूल पूजा भने विशेष प्रकारको हुन्छ।

मस्टोको पूजा गर्ने दिनको अघिल्लो दिन विशेष गरेर मस्टोको मुल धामीर हुमारा पूजारीहरूले नजिकको तीर्थ स्थलमा गएर स्नान गरी शुद्ध हुने चलन छ। तीर्थ सकाएर घर फर्किएपछि रातभरि जाग्राम बसेर मष्टोदेवता बोलाउने काम गरिन्छ रातभरि नै गाउँका मष्टो प्रति आस्था राख्नेहरू त्यस ठाउँ (मस्टोको जहाज) राख्ने ठाउँमा आएर आफ्ना समस्यााहरू राख्ने गर्दछन्। प्रत्येक गाउँमा मष्टोको एउटा धामी हुन्छ । त्यसबाहेक एउटा हुमारा भन्ने पदाधिकारी पनि हुन्छ, जसले उक्त स्थानमा पुग्ने सम्पत्तिको हेरचाह गर्छ। पूजा गर्ने दिन हेराउनेले पूजा व्यवस्था मिलाउने चलन रहिआएको पाइन्छ। ढोले र पार्की (दमाइ) हरूले विभिन्न धुनमा सहनाइ, दमाहा, नरसिङ्गा र झ्याली बजाउँछन्। त्यसको धुन चढ्दै गएपछि धामीमाथि मष्टोको अवतरण हुन्छ। त्यसपछि देवता आएको ठहर्छ। यसपछि धामीले भेद (चमत्कार) देखाउँदछ। तब त्यहाँ विभिन्न समस्याहरू लिई उपस्थित भएका अनुयायीहरूले आआफ्नो समस्या गोसाइ अथवा नारायण गोसाइ (मष्टो चढेको धामी) समक्ष निवेदन गर्दछन्। तब पतुरिरहेको धामीले ती समस्याहरूको समाधानको उपाय बताइदिन्छ। कुनै कुनै मष्टाले भोटे भाषा बोल्ने हुनाले पतुरेको धामी र समस्या बोकी आएका अनुयायीहरूबिच सञ्चार कायम गर्नलाई एउटा खावा (दोभाषे) भन्ने पदाधिकारी हुन्छ (खड्का, २०७२, पृ. ३०६)।

मष्ठो पूजाको दिन मष्टोको प्रतिनिधित्व धामीले गर्ने गर्छन्। अरु बेलामा जनमानसमा धामी एक साधारण मानिस भए पनि उसमा मष्टो चढ्दा (प्रवेश हुँदा) उसले एउटा अवतरी दैवी पुरूष स्वरूप धारण गरेर मष्टोकै प्रतिनिधित्व गरेर जब पतुर्न (बोल्ने र बक्न थाल्छ। त्यस बेला गाउँघरका मानिसहरू मष्टो चढेको धामीमा अगाध श्रद्धा र भक्ति राख्दछन्। ग्रामीण देवताहरूका क्रममा सर्वेसर्वा तत्त्व चाहिँ मष्टो नै हुनुपर्छ। मष्टो चढेको धामीलाई गोसाइ भनेर सम्बोधन गर्ने गरिन्छ। विश्वका अन्य प्राचीन सभ्यता जस्तै नेपालमा पनि शास्त्रीय र स्थानीय परम्परा धार्मिक संस्कृति दुई धारमा (मुख्य प्रवाह) पाइन्छ। नेपालको सुदूरपश्चिम, कर्णाली अञ्चल र आसपासमा मष्टोवादको लोकप्रियता धेरै छ। अन्य देवीदेवताहरूलाई मानवाकृतिका रूपमा वर्णन गर्न सकिन्छ तर मष्टोलाई देवताको स्थान प्राप्त भए तापनि प्रतीक र भावनामा मात्र बुझ्न सकिन्छ। मूर्ति र चित्रमा स्पष्ट वर्णन गर्न सकिँदैन । कर्णाली अञ्चलको ग्रामीण संस्कृतिमा धामी भन्नाले कुलदेवता

पूजा गर्न जान्ने आधिकारिक व्यक्तिलाई बुझिन्छ। मष्टो स्वयम् निराकार भएकोले तिनको पूजा उपासना साधारण ज्ञान भएको व्यक्तिबाट सम्भव छैन। धामीले विशेष ज्ञान र शक्तिबाट मष्टो बोलाउँछन्, पूजा गर्छन् र विदा गर्छन् (अधिकारी,२०७३ः पृ. १०५)।

मष्टो पूजाको कुनै शास्त्रीय पद्धति छैन। यससम्बन्धी तन्त्रमन्त्र पनि हुँदैन। ग्रामीण समाजका जनताको आफ्नै बोलचालको भाषामा मष्टोको पूजा र पुकार गर्छन्। मष्टो देवलाई धामीको आङमा चढाई बोलाउने परम्परा छ। कर्णाली प्रदेशतिर मष्टोको शक्ति अपरिमित मानिन्छ। कोही बिरामी परेमा, कसैलाई सन्तान चाहिएमा, कसैको शत्रु नाश गर्न परेमा, चोर पत्ता लगाउनु परेमा, आफूलाई अन्याय परेमा वा अन्य यस्तै अनिष्ट निवारण गरी इष्ट साध्य गर्नु परेमा धामीका माध्यमबाट मष्टो पुकार गर्ने चलन छ। मष्टाको धामीलाई पतुराएर समस्या समाधानको लागि बोल्न बिन्ती गर्छन्। धामीमा देवता चढेपछि धामीले खाम भाषमा आफ्ना कुराहरू भन्न थाल्दछन्। खामभाषा भन्न सकेपछि मष्टाले हुँकार छोड्दै गेडा (चामलको दाना) दिन्छन्। दिएका दानाहरू खाने, छर्ने वा सुत्ने बिस्ताराको सिरानीमुनि राख्ने गरिन्छ र भनेबमोजिम गरेमा काम सफल हुन्छ भन्ने जनविश्वास छ।

कुलदेवतालाई व्यक्तिको आङमा चढाउने काम गरिन्छ त्यसलाई धामी भनिन्छ। यसरी देवता चढेको धामी परीक्षण गर्ने (सक्कली वा नक्कली, जसलाई हाम्रो समाजमा 'खलि खाने' भनिन्छ। सक्कली धामी चढेको हो भने सो आगो (छुट्याउने) चलन छ। यसका लागि उसले आगाको खलियामा खेल्नुपर्छ, कुल्चेर निभाउने गर्छन्। नक्कली धामीले सक्दैन र यस्ता धामीलाई सक्कली धामीले घण्टी प्रहार गरेर भगाउँछन्। शरीरमा कुलदेवताको बास भएको मानिसलाई दैलेखका मष्टो धामी बिकहरू डाङ्ग्रे भन्छन्। डाङ्ग्रे आगोमा नाचेर कठिन परीक्षा दिने कामलाई खलि खाने भनिन्छ। उनीहरू आगाको भर्भराउदो भुङ्ग्रोमा नाच्ने व्यक्तिले कुलमा हुने सबै पूजाको नेतृत्व गर्ने चलन छ।

यस पङ्क्तिकारले पनि आफ्नो कुलायन पूजाका बेलामा कुले धामीले घण्ट दुवै हातले समाएर पूरै शरीर कामेको र उनीहरू चोखीनिष्ठ भई कुलका देवताको आवाहन गरेको देखेको छु। कुले भाइहरूले विभिन्न प्रश्नहरू सोधेको र ती प्रश्नहरू यसप्रकार थिए– हाम्रो उत्पत्ति स्थल कहाँ हो ? कुलको उन्नति कसरी गर्ने ? आदि प्रश्नहरूको उत्तर कामिरहेको धामीले दिएका थिए। मष्टो उपासनाको मुख्य अधिकारी धामी नै हुन्। उनी बाहेक मष्टो र केदारका अन्य कार्यकर्ताहरू समेत हुन्छन्। मष्टो उपासना बलि दिने र पायस बली वा हविष्य भोजन चढाउने चलन छ। कुलपूजा पक्षधर सम्पूर्ण बन्धुहरूले चोखी निष्ठा हुने, सात्त्विक भोजन गर्ने, पूजाको दिन सबै खुसियाली रहने, सम्पूर्ण नातेदारहरूलाई निम्ता गरी मष्टोको प्रसाद वितरण गर्ने, नुहाइधुवाइ र सरसफाइ गर्ने गरिन्छ। आर्थिक रूपमा सम्पन्न नभएका आफ्ना भाइबन्धुलाई समेत सहयोग गर्ने गरिन्छ। पूजाको दिन उत्सवको माहोल हुन्छ। लामो समयदेखि भेटघाट नभएका दाजुभाइ, नातेदार, नातागोताका मानिस र कुलकुटुम्ब सो दिन भेट हुने गर्छन्।

खसहरूका आदि देवता मष्टो गैरवैदिक देवता हुन्। पूर्व ऋग्वेदिक कालमा खसहरूले यिनको उपासना गर्थे। उनको मूर्ति हुँदैन तसर्थ यिनी भावनात्मक देवता हुन्। वेदभन्दा पूर्वका देवता भएर पनि कुनै शास्त्रीय परम्परा विकास भएको छैन। लिखित परम्परा नभएपछि श्रुति र स्मृतिमा भर पर्नुपर्ने बाध्यता हुन्छ। यिनको उपासना गर्न मूल अधिकारी धामी रहेका हुन्छन्। धामी र मष्टो थानमा बसेर र पूजारीले पनि धामीलाई सहयोग गरेर पूजा सम्पन्न गरिन्छ र बेलायतीहरूको लिखित संविधान छैन पुराना परम्परा, अदालतका पुराना आदेशहरू र स्थापित मान्यता मानेर त्यहाँको शासनसत्ता सञ्चालन भएको पाइएजस्तै देवाधिदेव, आदिदेव, शक्तिशाली देव, महानदेव, देवताको पनि सर्वोच्च देव मष्टाको उपासना सात्त्विक तरिका वा छागबली दिएर धुमधामसँग मनाइन्छ। कुलपूजा मष्टाका धामीको निर्देशनअनुसार हुन्छ (यात्री पूर्ण, २०३५, पृ. ३९९)।

## कर्णालीको प्रश्रवण क्षेत्रका मानिसको दैनिक जनजीवनमा मष्टो

कर्णाली प्रश्रवणमा बसोबास गर्ने मानिसहरू विभिन्न किसिमका आध्यात्मिक शक्तिको आराधना गर्छन्। खास

गरी आफूले आँटेको काम फत्ते गर्न, सफल हुन्, परिवारमा सुखशान्ति, उन्नतिको लागि, शत्रु नलागोस्, विघ्न बाधा हटोस्, व्यक्तिगत र पारिवारिक जीवन सफल होस्, प्रेम सफल होस्, व्यापार व्यवसाय, पेसामा सफल होस्, पदोन्नति होस्, राजा र राज्यसँग सुसम्बन्ध होस्, प्राकृतिक प्रकोप र अकाल मृत्यु हुन नपरोस्, जीवन सफल र सम्बृद्ध बनोस् भनेर, खेतीपाती सप्रियोस्, भाकल गर्ने, स्तुति गर्ने, पुकार गर्ने, देवी देवता र आध्यात्मिक शक्तिलाई पुकार, उपासना र भाकल गर्ने चलन नौलो होइन। त्यसैले नयाँ घर बनाउँदा, बाली भित्र्याउँदा, सन्तान वृद्धि हुँदा, चाडपर्व मनाउँदा, पदोन्नति हुँदा आदि सर्वप्रथम दुर्गा भवानी, मष्टो र केदार सम्झिने गरिन्छ र फुलपाति, प्रसाद चढाउँने गरिन्छ; जसले त्यहाँको समाजलाई त्यहाँ स्पष्ट देखाउँछ जसको महत्त्व बुझ्न बहुत मुस्किल देखिन्छ।

आज पनि कर्णाली, सेती, महाकाली अञ्चलमा आवाद रहेका मानिसहरू कुनै काम गर्दा, बाटोमा हिड्दा, आपदविपद पर्दा, विपदबाट मुक्ति प्राप्त गर्न, दैनिक जीविका चलाउने क्रममा मष्टो भनेर पुकार गर्ने गरेको पाइन्छ। गोसाइ भनेको धामी चढेको मष्टो देव हुन। यसरी दैनिक जीवनमा मष्टो देव वा मुइठादेउलाई पुकार गर्ने र उनलाई देवाधिदेवको रूपमा आवाहन गरेको पाइन्छ। हुन त डोटी राज्यमा राजकुमार भन्ने चलन चलेको थियो। सबैजसो पहाडे खस नेपालीले दिनहुँ कुलाइन (कुलायन, कुलदेवता) लाई साँझ बत्ती बाल्नुपर्छ। कुलाइनको दियो कसैलाई छुन दिनु हुँदैन छोएको खण्डमा अनिष्ट हुन्छ भन्ने जनविश्वास रहेको छ। सुदूरपश्चिम र कर्णालीको समाजमा एउटा मान्यता प्रबल रहेको छ। त्यो के भने कुलदेवता र पितृदेवतालाई सधैँ सन्तुष्ट राख्नुपर्छ। कुलदेवता र पितृ सन्तुष्ट भएमा वा रहेमा सधैँ राम्रो फल वा शुभ फल प्राप्त हुन्छ। परिवारमा सुख शान्ति कायम हुन्छ। कुल र पितृ देवतालाई चिढायो भने दुःख दिन्छन् भन्ने परम्परा अहिले पनि त्यो सुदूर पारिको समाजमा जीवित नै रहेको छ। कुलदेवता र देवीहरू कतिपय जातिहरूले एकभन्दा बढी मान्ने गरेको छ।

हरेक थरका मानिसहरूले छुट्टाछुट्टै मष्टोलाई उपासना गर्छन्। कुलदेवताका रूपमा एकको कुलदेवता अर्का थरका व्यक्तिले पुज्दैनन्। तर पनि वन थानमा रहेको मष्टोलाई सबैले पुज्छन्, पुकार गर्छन्। मष्टो आराधना गर्दा उनको मागल, फाग र भजन गराउने चलन पश्चिम नेपालमा धेरै रहेको पाइन्छ। घर बनाउँदा, शुभ कार्य गर्दा, कुनै नयाँ कार्य सुरू गर्दा, सफलताका लागि मष्टो र दुर्गा भवानीलाई पूजा गर्ने, उपासना गर्ने गर्दछन्। केदार देवतालाई पनि सम्झन्छन् (कार्की, २०७७, पृ.३८५)।

## *मष्टो परम्पराले कर्णाली र सुदूरपश्चिमको समाजमा पारेको प्रभाव*

नेपालको कर्णाली र सुदूरपश्चिम समृद्ध सांस्कृतिक र धार्मिक परम्पराले भरिएको छ, जसमा मष्टो परम्परा विशेष महत्त्व राख्छ। यो परम्परा खासगरी देउता आराधना तथा बोक्सी प्रणालीसँग जोडिएको छ; जसले स्थानीय समाजमा धार्मिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक दृष्टिले गहिरो प्रभाव पार्दै आएको छ। मष्टो परम्परा धार्मिक विश्वासको केन्द्रबिन्दु हो, जहाँ देउताको माध्यम (धामी) मार्फत मानव र देवीदेवताबिच सम्पर्क गरिन्छ। जनविश्वासअनुसार मष्टो देउता कुपित भए समाजमा रोग, विपत्ति, वर्षा नहुनु, बाली बिग्रनुजस्ता समस्याहरू आउँछन्, त्यसैले यसलाई प्रसन्न राख्न बलि, पूजा तथा धामीझाक्रीमार्फत आराधना गरिन्छ। यसले स्थानीय समाजमा धार्मिक अनुशासन र एक प्रकारको नियन्त्रण स्थापना गर्ने काम गर्दछ। सामाजिक दृष्टिले हेर्दा, मष्टो परम्पराले समुदायमा सामूहिकता र सहयोगको भावना बलियो बनाएको छ। पूजामा सबै वर्ग र समुदायको सहभागिता हुने हुँदा सामाजिक एकता र पहिचान बलियो हुने गरेको पाइन्छ। मष्टो पूजालाई केन्द्र बनाएर गीत, नाच र परम्परागत भेषभूषाको प्रयोगले सांस्कृतिक सम्पदा जगेर्ना गर्न सहयोग पुगिरहेको छ। विशेष गरी, नयाँ पुस्ताले आफ्नो पहिचान बुझ्न र संस्कृति हस्तान्तरण गर्न मष्टो परम्परा माध्यम बनेको छ। तर यस परम्पराको केही नकारात्मक पक्षहरू पनि देखिन्छन्। कहिलेकाहीँ धामीझाक्रीको निर्णय अन्तिम मानिने हुँदा अन्धविश्वास र अर्धसत्यका आधारमा मानिसहरूलाई दोषी

देखाउने, बोक्सीको आरोप लाउने र सामाजिक बहिष्कार जस्ता घटनाहरू हुने गरेका छन्। यसले महिला र कमजोर वर्गमाथि हिंसा तथा उत्पीडनको रूप पनि लिएको छ। त्यसैले मष्टो परम्पराले समाजमा अनुशासन मात्र होइन, डर र त्रासको वातावरण पनि सृजना गरेको छ भन्ने आलोचना हुन्छ। राजनीतिक दृष्टिले पनि मष्टो परम्पराले केही प्रभाव पारेको छ। धामीहरूलाई शक्ति र सम्मानको प्रतीक मानिने हुँदा उनीहरूको भनाइलाई राजनीतिक निर्णयहरूमा समेत ध्यान दिइने गरिएको छ। कतिपय अवस्थामा स्थानीय नेतृत्व चयनमा  मष्टो पूजामा आएको सङ्केतलाई आधार बनाइने गरिन्छ। यसले लोकमान्यता र धर्मलाई प्रशासनमा मिसाउने खतरा निम्त्याएको छ।

## *कर्णालीको समाजमा मस्टो पूजाका केही नवीनतम पक्ष*

साउन पूर्णिमाको दिनमा मस्टाको थानमा नारी र पुरुष (मस्टा भवानी र दाजुभाइ) बिच मस्टाको मागल गाउने चलन छ। त्यसमा भवानीले माइतीका दाजुभाइलाई सन्चोबिसन्चोका साथै माइती आउँदा के कोसेली दिन्छौ भन्ने भावको गीत गाउने चलन रहेको छ। यो चलन सुदूर पश्चिमा पनि पाइन्छ। धामीको शरीरमा मस्टो उत्रेपछि धामी मस्टोमा परिणत भएका हुन्छन् र उनले बोल्ने बोली मस्टो बोली अर्थात् देववाणी हुन्छ। त्यसरी बोल्ने बोलीलाई पडेली भनिन्छ। त्यस बेलामा उपचार, भविष्यका बारेमा बोल्ने र धामी मस्टोले भनेको कुरा गरेपछि भनेको कुरा पूरा हुन्छ भन्ने विश्वास गरिन्छ। वैशाख, साउन र कात्तिक पूर्णिमाका दिन मस्टाको पूजा गरेपछि धामीले पतुर्न थाले पछि दमाईले दमे (दमाहा), नगरा, झ्याली, सनही बजाएर साथ दिन्छन्। मष्टोपूजामा भाकल गरिन्छ र भाकल गरेको पूरा हुन्छ भन्ने विश्वास छ। त्यस बेला भाकल पूरा भएपछि काठ, माटो, धातुका त्रिशूल, विभिन्न आकृति भएका मूर्ति चढाउने गरिन्छ। प्रदीप रिमालले सङ्कलन गरेको मस्टाको भाकल गीत यसप्रकार छ–

जडा (जरा) काटी भाङ् तुमाखु टुप्पाको मूरति रे
बाह्रभाइ मैठाकन चढाउँला मूरति रे
बढा देव मुक्तिनाथलाई चढाउँला मूरति रे
नौ दुर्गा भवानीकन चढाउँला मूरति रे
बडादेव चन्दननाथलाई सुनको मूरति रे
मैठका धामीकन सुनको सूत बाधौँला रे।

(रिमाल, २०५३ पृ.१७

मस्टो कुलदेवताको मुख्यस्थल कर्णाली तथा खस साम्राज्यको राजधानी भएर बसेको कर्णालीको सिँजा उपत्यकामा अस्पतालहरू भर्ख भर्खर बन्ने चरणमा रहेको पाइन्छ तर चिकित्सक पाइँदैनन्। मानिस बिरामी हुँदा चोटपटक लागेर घाइते हुँदा विभिन्न व्यथा बिरामी पढ्दा अन्त्यमा जाने ठाउँ भनेकै धामीझाक्री हो। त्यसैले पनि होला कार्णाली  आसपासका क्षेत्रमा मस्टो र मस्टो पूजालाई विशेष महत्त्वका साथ हेरिएको पाइन्छ। मष्टो पूजाको दिन विशेषत महिलाहरूको बाहुल्यता बढी रहने गर्दछ। समाजअनुसार महिला अग्रसर हुनु आफैँमा राम्रो पक्ष पनि हो। दैलेख र दैलेख आसपासका क्षेत्रहरूमा जेठ र मङ्सिर महिनामा मष्टो पूजा गर्ने गरिन्छ। आफ्ना भाकलहरू पूरा भएको खण्डमा इच्छाअनुसार बलि चढाउने चलन छ।

## *निष्कर्ष*

मष्टो परम्पराको लामो इतिहास रहेको छ। यो लेखमा करिब ४०० वर्ष पुरानो इतिहासलाई समेटेर विश्लेषण गर्ने प्रयास गरिएको छ। विशेष गरेर कर्णाली र सुदूरपश्चिम क्षेत्रको समाजलाई समेटिएको छ। विशेष गरी कर्णाली र सुदुरपश्चिम प्रदेशको प्रश्रवण क्षेत्रमा परापूर्वकालदेखि नै मान्दै आएको अभौतिक परम्पराले विशेष त कर्णाली र सुदूरपश्चिमको कला, संस्कृतिको जगेर्ना गर्नुका साथै त्यँहाका मानिसहरूको दैनिक जीवनशैली बन्न पुगेको पाइन्छ। त्यहाँ भाकल गर्ने र त्यसको फल प्राप्ति पछि भाकलअनुसारको बलि दिने चलन  रहिआएको पाइन्छ। मष्टो परम्परा कर्णाली र सुदूरपश्चिमका लागि धार्मिक आस्था मात्र नभएर सामाजिक संरचना र सांस्कृतिक पहिचानको मेरुदण्ड बनेको छ। यद्यपि यसमा सुधार र पुनर्व्याख्या आवश्यक देखिन्छ। विशेष गरी अन्धविश्वास, हिंसा तथा लैङ्गिक विभेदजस्ता समस्याबाट समाजलाई जोगाउन र चेतनाको स्तर वृद्धिसँगै परम्परालाई आधुनिक

दृष्टिकोणमा पुनरावलोकन गरिँदा यसले समावेशी, सशक्त र विवेकशील समाज निर्माणमा पनि योगदान पुऱ्याउन सक्तछ । नेपाली कला, संस्कृतिको उद्गम भूमि खस राज्यको शीतकालीन राजधानी र बाइसे राज्यको केन्द्र रहेको जुम्ला, मुगु, बझाङ, बैतडी, बाजुरा, डोटी, डडेलधुरा, दार्चुला, अछाम, दैलेख, कालिकोट र जाजरकोटका मानिसहरूले मष्टो परम्परालाई विशेष उत्सवका रूपमा मनाउने गरेको पाइन्छ । तथापि समयअनुरसार मस्टो परम्परामा केही विकृतिहरू पनि भित्रिएको पाइन्छ । राज्यको आँखाबाट टाढा रहेको कर्णाली र सुदूरपश्चिम प्रदेशमा राज्यको आँखा त्यति सजिलै त नपुग्ला, तर पुऱ्याउनु पर्ने आवश्यकता देखिन्छ । स्थानीय र प्रदेश तहले पनि मष्टो परम्पराको जर्गेना र त्यसमा देखापरेका विकृतिको निर्मूलका लागि पहल गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## *सन्दर्भ सामाग्रीसूची*


अधिकारी, सूर्यमणि (२०६८). *बाइसे राज्यको इतिहास.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

....................... (२०७४). *खस साम्राज्यको इतिहास.* काठमाडौँ : भुँडीपुराण प्रकाशन।

आत्रेय, विष्णुराज, (२०७०). *लौकिक दर्शनमा मस्टो परम्परा.* काठमाडौँ : बानियाँ वन्धु ।

कार्की तेजबहादुर (२०७७). मस्टो संस्कृति. काठमाडौँ : ऐतिहासिक र सांस्कृतिक अध्ययन ।

खड्का, श्यामबहादुर (२०७२). *मस्टो संस्कृति र परम्परा.* काठमाडौँ : एकता प्रकाशन ।

घिमिरे, रञ्जन (२०७८) *घिमिरे वंशावली.* काठमाडौँ : मकालु प्रकाशन ।

ढकाल, सुरेश (२०८१). *इतिहासअघिको इतिहास.* काठमाडौँ : इन्डिगो इन्क प्रा.लि. ।

देवकोटा, रत्नाकर ( २०५१). *कर्णाली अञ्चलका प्रमुख धार्मिक र सास्कृतिक स्थलहरू.* काठमाडौँ : ने.प्र.प्र ।

पराजुली, विष्णुप्रसाद (शर्मा) (२०७९). *कर्णालीमा प्रचलीत दर्शन–परम्परा.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान ।

पोखरेल, माधवप्रसाद ( अनुसन्धान टोली नेता) (२०७६). 'कर्णाली प्रदेशका जाति, भाषा र सांस्कृतिक अवस्थाको एक अध्ययन' सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश ।

पोखरेल, बालकृष्ण (२०५५). *खस जातिको इतिहास.* काठमाडौँ : फिनिक्स बुक्स प्रकासन ।

शाही, कालीबहादुर (२०६६). *कर्णाली संस्कृति.* काठमाडौँ : भृकुटी प्रकाशन ।

क्षेत्री, दिलबहादुर (२०७०). *खस आदिवासी आप्रवासी तथ्य र तथ्याङ्क.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

https://ne.wikipedia.org/wiki .